# युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३

## (पहिलो संशोधन २०७४)

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

त्रिपुरेश्वर, काठमाडौं

## दुई शब्द

आर्थिक वर्ष २०७३/७४ देखि शुरू भएको राष्ट्रिय युवा परिषद्को प्रमुख कार्यक्रम नै युवा उद्यम कार्यक्रम हो । आर्थिक वर्ष २०७३/७४ मा २४० संसदीय निर्वाचन क्षेत्रमा १/१ वटा युवा उद्यम कार्यक्रम सञ्चालनको निम्ति निर्देशिका निर्माण भई कार्यान्वयनमा गइसकेको अवस्था छ । प्रत्येक निर्वाचन क्षेत्रमा स्थानीय स्तरमा पाईने स्रोत साधन प्रयोगगरी सञ्चालन हुन सक्ने उद्यमहरू पहिचान गरी युवालाई स्थानीय ब्यवसाय तथा उद्यमतर्फ आकर्षित गरी स्वरोजगार बनाउने र देशलाई आत्मनिर्भरतर्फ उन्मुख गराउनु मूख्य उद्देश्य राखी यो कार्यक्रम ल्याईएको छ । चालू आर्थिक वर्षमा परिवर्तित संसदीय निर्वाचन क्षेत्र १६५ निर्धारण भएबमोजिम युवा उद्यम कार्यक्रम पनि १६५ वटा संसदीय निर्वाचन क्षेत्रका १/१ वटा वडामा गत आर्थिक वर्षको स्थान र समूह नदोहोरिने गरी जिल्ला युवा समितिको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरिने र प्रत्येक युवा उद्यमी समूहलाई निर्देशिकाले तोकेका शर्त बमोजिम बढीमा पाँचलाख रुपैंयाका दरले उपलब्ध गराई यो कार्यक्रम सञ्चालन गरिने छ । यो कार्यक्रम अन्तर्गत एक निर्वाचन क्षेत्रका एकै वडामा कम्तिमा ५ र बढिमा १० जना युवाहरु सम्मिलित भइ संस्था दर्ता गरी निवेदन पेश गर्न सक्नेछन् र त्यस समूहमा ५० प्रतिशत महिला सदस्य हुनुपर्ने प्रावधान रहेको छ । यस कार्यक्रम मार्फत नेपालका युवाहरुले नेपालमै उद्यम व्यवसाय गरी आत्मनिर्भर आफु पनि हुने र क्रमशः राष्ट्रलाई नै आत्मनिर्भर तर्फ उन्मुख बनाउनेछन् ।

२०७४ पुस

माधवप्रसाद ढुङ्गेल
कार्यकारी उपाध्यक्ष

# विषयसूची


युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ ..... 5

परिच्छेद – १ ..... 5

प्रारम्भिक ..... 5

१. संक्षिप्त नाम र प्रारम्भ ..... 5

२. परिभाषा ..... 5

परिच्छेद – २ ..... 6

लक्षित समूह तथा उद्यम क्षेत्र ..... 6

३. लक्षित समूह ..... 6

४. युवा व्यवसायिक उद्यम क्षेत्र ..... 6

परिच्छेद – ३ ..... 6

व्यावसायिक उद्यम छनौटका आधार ..... 6

५. व्यावसायिक उद्यम छनौटका आधार ..... 6

परिच्छेद – ४ ..... 8

उद्यम छनौट तथा सम्झौता ..... 8

६. उद्यम छनौट ..... 8

७. उद्यम सम्झौता ..... 11

परिच्छेद – ५ ..... 11

कोष तथा लेखा परीक्षण ..... 11

८. वजेट ..... 11

९. युवा उद्यम विकास घुम्ती कोष ..... 12

१०. लेखा परीक्षण ..... 13

परिच्छेद– ६ ..... 13

सरोकारवाला निकायको भूमिका ..... 13

११. जिल्ला युवा समितिको भूमिका ..... 13

१२. स्थानीय तहको भूमिका ..... 13

१३. जिल्ला स्थित अन्य निकाय ..... 14

परिच्छेद ७ ..... 14

केन्द्रमा समन्वय तथा सहकार्य ..... 14
१४. समन्वय तथा सहकार्य ..... 14
परिच्छेद– ८ ..... 15
अनुगमन तथा निरीक्षण ..... 15
१५. अनुगमन तथा निरीक्षण ..... 15
१६. अनुगमन निरीक्षण समिति ..... 15
परिच्छेद– ९ ..... 16
प्रतिवेदन ..... 16
१७. प्रतिवेदन ..... 16
परिच्छेद– १० ..... 17
पुरस्कार तथा दण्ड सजाय ..... 17
१८. पुरस्कार ..... 17
१९. दण्ड सजाय ..... 17
परिच्छेद–११ ..... 17
विविध ..... 17
२०. सहयोग गर्नुपर्ने ..... 17
२१. व्याख्या गर्ने अधिकार ..... 17
२२. निर्देशिका संशोधन गर्न सक्ने ..... 18
२३. वाधा अड्काउ फुकाउने ..... 18
अनुसूची – १ ..... 19
अनुसूची – २ ..... 20
अनुसूची –३ ..... 22
अनुसूची – ४ ..... 23
अनुसूची – ५ ..... 25

# युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३

**प्रस्तावनाः** राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ अनुसार मुलुकमा विभिन्न क्षेत्रका युवा वर्गमा उद्यमशीलता, सिर्जनशीलता तथा सीपको विकास गरी स्वरोजगार र उत्पादनको माध्यबाट समृद्ध नेपाल निर्माणका लागि सक्रिय युवाका समूहलाई एक निर्वाचन क्षेत्र भित्रको एक वडाका समूह वा संस्थामा रहेका दश युवा सम्मिलित एक उद्यम कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न एवं सफल व्यवसायी बनाउनका लागि परिषद्ले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो निर्देशिकाको नाम "युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३" रहेकोछ ।

(२) यो निर्देशिका परिषद्ले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "युवा उद्यम कार्यक्रम" भन्नाले परिषदबाट दफा ३ मा उल्लेखित क्षेत्रमा युवा नीति बमोजिम १६–४० बर्ष उमेर समूहका नेपाली युवाहरुलाई लक्षित गरी युवाहरुको समूह वा युवाको संघ संस्थाको माध्यमबाट युवाहरुको सीप, दक्षता बृद्धि गरी सफल व्यवसायी बनाउने राष्ट्रिय अभियानलाई सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(घ) "युवा" भन्नाले सोह्र वर्ष देखि चालीस वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "उद्यम" भन्नाले जीविकोपार्जन, स्वरोजगार वा आय आर्जनका लागि गरिने सिर्जनात्मक, आर्थिक कृयाकलाप, व्यवसाय वा उद्योगलाई सम्झनु पर्छ ।

(च) "समूह" भन्नाले उद्यम सञ्चालन गर्नका लागि निर्माण भएको युवाको समूह सम्झनुपर्छ ।

(छ) "संघसंस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई अविछिन्न काम गरेका संघ संस्थालाई सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले जिल्ला युवा समिति सम्झनु पर्छ ।

(झ) "अध्यक्ष" भन्नाले जिल्ला युवा समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) "उपाध्यक्ष" भन्नाले राष्ट्रिय युवा परिषद्को उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ट) "उद्यमी" भन्नाले आय आर्जन गर्ने उद्देश्यले उद्योग ब्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने ब्यक्ति वा समूहलाई सम्झनुपर्छ।

(ठ) “व्यवसाय परामर्श सेवा ”भन्नाले ब्यवसायको सुसञ्चालन विकास तथा स्तरोन्नतिका लागि प्रदान गरिने प्राविधिक तथा व्यवस्थापकीय सहयोग र सेवालाई सम्झनु पर्छ ।

(ड) “साझेदार संस्था” भन्नाले कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलव्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

(ढ) “वित्तीय सेवाप्रदायक संस्था” भन्नाले नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृत प्राप्त संस्था सम्झनुपर्छ ।

(ण) “घुम्तीकोष भन्नाले ”ऋण लगानी भएको रकम फिर्ता भई जम्मा हुन आएको रकम सम्झनुपर्छ ।

(त) “बेरोजगार व्यक्ति ”भन्नाले आय आर्जन हुने कुनै पनि पेशा व्यवसायमा नियमित रुपमा संलग्न नरहेको तथा कुनै काममा नियमित रुपमा सलग्न नभएको व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद – २

## लक्षित समूह तथा उद्यम क्षेत्र

**३. लक्षित समूह** : (१) सोह्र वर्ष देखि चालीस वर्षसम्मको उमेर समूहका नेपाली युवा (कम्तिमा पनि युवा महिला ५० प्रतिशत) यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।

(२) विशेष प्राथमिकताको समूहका युवालाई विशेष प्राथमिकता दिईने छ ।

**४. युवा व्यवसायिक उद्यम क्षेत्र** : युवाबाट व्यावसायिक उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय वमोजिम रहने छन्।

(क) कृषि तथा पशुपंछिमा आधारित उद्यम व्यवसाय,

(ख) बन (जडीबुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

(घ) पर्यटन प्रवर्द्धन (होटेल, होमस्टे, रिसोट) मा आधारित उद्यम व्यवसाय,

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

(च) हस्तकला, मुर्तिकला, चित्रकलामा आधारित उद्यम व्यवसाय,

(छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

(ज) परिषद्ले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय ।

## परिच्छेद – ३

## व्यावसायिक उद्यम छनौटका आधार

**५. व्यावसायिक उद्यम छनौटका आधार** : दफा ४ मा उल्लेखित उद्यम क्षेत्रहरूमध्ये कुनै एक क्षेत्रमा कार्य गर्न एउटा निर्वाचन क्षेत्रको एक वडा भित्रका कम्तिमा ५ देखि १० जना

युवाको समूह एवं संघ संस्थालाई नयाँ उद्यम सञ्चालन गर्नका लागि देहायका छनौट आधारहरू निर्धारण गरिएको छ।

(१) युवा उद्यम समूहमा समावेश हुने युवाको न्यूनतम योग्यताः

(क) १६ (सोह्र) वर्ष पुरा भई ४० (चालीस) वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने,

(ख) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतवाट सजायँ नपाएको,

(ग) सरकारी चल अचल सम्पतिको दुरुपयोग नगरेको,

(घ) कम्तीमा आधारभूत तहको (कक्षा ८ उर्तीण) शिक्षा हाँसिल गरेको,

(ङ) मगज नबिग्रेको ।

(२) युवा समूहको निर्माण :

(क) बेरोजगार युवा हुनु पर्ने,

(ख) कम्तीमा ५० प्रतिशत युवा महिला हुनु पर्ने,

(ग) सिमान्तकृत तथा उद्यमी युवाहरु हुनु पर्नेछ,

(घ) मेडपा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, व्यावसायिक सीप विकास तालिम केन्द्र आदि जस्ता उद्यम सम्वन्धी तालिम प्रदान गर्ने संस्थाबाट तालिम प्राप्त गरेका युवालाई विशेष प्राथमिकता दिइनेछ ।

(३) समूहका लागि न्यूनतम आधारहरू :

(क) प्रचलित कानुन बमोजिम दर्ता भई नियमानुसार नविकरण भएको,

(ख) युवाको हक हितको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा काम गर्ने उद्देश्य भएको,

(ग) अनुसूची – २ बमोजिमको ढाँचामा निवेदन र अनुसूची – ३ बमोजिमको ढाँचामा व्यवसायिक योजना संलग्न गरेको,

(घ) कालो सूचीमा नपरेको ।

(४) युवा समूह तथा संघ संस्थाले प्रस्ताव गरेको ब्यवसायिक प्रस्तावना मूल्याङ्कनका आधारहरू

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्क |
|---|---|---|
| १ | प्रस्तावित उद्यमको ५ वर्षे व्यवसायिक योजना | २० |
| २ | समावेशी सहभागिता | ५ |
| ३ | स्थानीय स्रोतमा आधारित | १५ |
| ४ | आर्थिक लगानीको सुनिश्चितता | १० |
| ५ | थप रोजगारी सिर्जना गर्ने | १५ |
| ६ | बजारको सुनिश्चितता | १५ |
| ७ | मानवीय स्रोत (तालिम प्राप्त युवा) | २० |
| | जम्मा : | १०० |

द्रष्टव्यः परियोजना छनौटको मुख्य आधारः प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT), व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (EVENT PROJECT), गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(MEDPA), जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला कृषि विकास कार्यालय, महिला तथा बालबालिका कार्यालय, घरेलु विकास समिति, राष्ट्रिय युवा परिषद्, निजि स्तर आदि_बाट व्यावसायिक तालिम प्राप्त गरेका र सवै भन्दा वढी युवा रहेको निर्वाचन क्षेत्रको वडाबाट आएको उद्यम प्रस्तावलाई विशेष प्राथमिकता दिई माथिका आधारमा परियोजना छनौट गर्नु पर्नेछ र तालिम प्राप्त नगरेका अन्य युवालाई क्रमशः सम्वन्धित संस्थाहरुको सहकार्यमा तालिम प्रदान गर्दै लैजाने व्यवस्था परिषद्ले गर्नुपर्नेछ ।

## परिच्छेद – ४

## उद्यम छनौट तथा सम्झौता

६. **उद्यम छनौट** : (१) दश युवा एक उद्यम कार्यक्रममा सहभागिताका लागि परिषद्ले इच्छुक युवा समूहको जानकारीका लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरी उक्त सूचना परिषद्को वेवसाइटमा www.nyc.gov.np समेत राख्नेछ साथै परिषद्ले सम्पूर्ण जिल्ला युवा समितिको कार्यालयहरुलाई जानकारी गराउनेछ । जिल्ला युवा समितिले पनि सवैलाई सो सूचना जानकारी गराउने गरी सार्वजनिक गर्नु पर्नेछ । परिषदले उक्त अवधिमा आवश्यकता अनुसार १५ दिन सम्मको समय थप गरी प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि एउटा निर्वाचन क्षेत्रको एक वडा भित्रका कम्तिमा ५ देखि १० जनाको युवा समूह तथा संघ संस्थाले उद्यम सञ्चालन गर्नको लागि निवेदन दिन चाहेमा सोही सूचनामा उल्लेखित म्याद भित्र अनुसूची –२ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला युवा समितिको कार्यलयमा निवेदन दिनुपर्नेछ ।

(३) जिल्ला उद्यम छनौट समितिः जिल्ला युवा समितिको कार्यालयमा प्राप्त भएका निवेदन र अनुसूची – ३ बमोजिमको ढाँचामा व्यवसायिक योजना मूल्याङ्कन गरी छनोट गर्न प्रत्येक जिल्लामा देहायको युवा उद्यम मुल्याङ्कन प्रारम्भिक छनौट समिति रहनेछ ।

(क) जिल्ला युवा समितिको अध्यक्ष – अध्यक्ष

(ख) वित्तीय सेवा प्रदायक संघ संथाको प्रतिनिधि – सदस्य

(ग) जिल्ला युवा समितिको कार्यालय प्रमुख – सदस्य सचिव

प्रस्ताब परेका उद्यमसँग सम्बन्धित क्षेत्रको विज्ञको प्रतिनिधिलाई अनिवार्य रुपले आमन्त्रित गर्नु पर्नेछ । (घरेलु, कृषि, भेटेनरी, पशु, विज्ञान प्रविधि आदि)

द्रष्टव्यः जिल्ला युवा समितिले उक्त वैठकमा त्यस जिल्लावाट परिषदमा प्रतिनिधित्व गर्ने सदस्य भए निजलाई नभए त्यस प्रदेशवाट प्रतिनिधित्व गर्ने सदस्यलाई आमन्त्रित गर्नुपर्नेछ ।

जिल्ला युवा समितिको अध्यक्ष नभएमा छनोट समितिका वरिष्ठ सदस्यहरु मध्येबाट अध्यक्षता गरी योजना मूल्याङ्कन तथा छनोट गर्न सकिने छ ।

(४) जिल्ला उद्यम छनोट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) प्राप्त भएका व्यवसायिक प्रस्तावहरु मुल्यांकन गरी ७ दिन भित्र आफनो राय सहित प्रत्येक निर्वाचन क्षेत्र भित्रको व्यवसायिक योजनाहरू दफा ५ बमोजिम अनिवार्य रुपमा मूल्याङ्कनका आधारमा छनौट गरी उत्कृष्ट तीन-तीन वटा व्यावसायिक प्रस्तावहरु परिषदमा सिफारिस गरी पठाउनुपर्नेछ । तोकिएको म्याद भित्र प्रस्ताव छनौट गरी पठाउन समय नपुग भएमा परिषद्को पूर्व स्वीकृति लिई म्याद थप गर्न सकिनेछ ।

(६) केन्द्रीय उद्यम छनौट समितिः केन्द्रमा निम्न अनुसारको उद्यम छनौट समिति रहनेछ ।

(क) परिषद्को प्रशासकीय प्रमुख – अध्यक्ष

(ख) प्रतिनिधि, उपसचिव- युवा विकास तथा परिचालन शाखा (युवा तथा खेलकुद मन्त्रालय) – सदस्य

(ग) प्रतिनिधि, (उपसचिव स्तर) उद्योग मन्त्रालय – सदस्य

(घ) प्रतिनिधि, राष्ट्रिय लघुउद्यमी महासंघ – सदस्य

(ङ) परिषद्को उद्यम शाखा हेर्ने उपसचिव – सदस्य सचिव

(७) उद्यम छनौट समितिले समितिको बैठकमा वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय संस्थालाई अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ र आवश्यकता अनुसार उद्यमको व्यावसायिक प्रस्तावको विषय क्षेत्र अनुसार अन्य विशेषज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

(८) केन्द्रीय उद्यम छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) केन्द्रीय उद्यम छनौट समितिले गर्ने कार्यहरु देहाय वमोजिम छन्ः

(क) प्रत्येक जिल्लाको निर्वाचन क्षेत्रवाट जिल्ला युवा समितिले छनौट गरी पठाएका तीन-तीन वटा व्यवसायिक प्रस्तावको विस्तृत अध्ययन, परामर्श गरी प्राथमिकताको आधारमा छनौटका लागि परिषद्को कार्यकारी समितिमा सिफारिस गरी पठाउनुपर्नेछ ।

(ख) कार्यकारी समितिले आवश्यक देखेमा उद्यम संचालन कार्यान्वयन गर्ने क्षेत्रको अनुगमन निरीक्षण गर्नुका साथै सरोकारवालाहरुसँग सम्वन्धी सोधपुछ, विचार विमर्श गर्न सक्नेछ ।

(ग) केन्द्रीय उद्यम छनोट समितिले सिफारिस गरेका प्रस्ताव कार्यकारी समितिले निर्णय गरी जिल्ला युवा समितिमा सम्झौता र कार्यान्वयका लागि पठाउनेछ

(घ) प्रस्ताव आह्वानका लागि तोकिएको समयावधि भित्र एउटा पनि प्रस्ताव दर्ता नभएको निर्वाचन क्षेत्र तथा जिल्लाको हकमा कार्यकारी समितिले निर्णय गरी सोही जिल्लाको अर्को निर्वाचन क्षेत्रमा सबै प्रकिया पुगेको उत्कृष्ट प्रस्तावलाई छनौट गर्न प्रस्ताव पेश गरेमा कार्यकारी समितिले निर्णय गर्नेछ सो अनुसार जिल्लाबाट कार्यान्वयन गर्नुपर्नेछ ।

(ङ) जिल्ला युवा समितिबाट युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका २०७३ को दफा ५ को उपदफा ४ बमोजिमको मूल्याङ्कनका आधारहरुमा अनिवार्य रुपमा अङ्क सहित निर्णय गरेर पठाउनुपर्ने र केही कारणले निर्णय नभई आएका प्रस्तावहरुका सम्बन्धमा केन्द्रीय उद्यम छनौट समितिले स्वयं मूल्याङ्कन गरी आवश्यक निर्णय लिन सक्नेछ ।

(च) उद्यमी समूहले उद्यम गर्नका लागि ऋण प्राप्त गरेपछि कुनै कारणले उद्यम गर्न नसकेको अवस्थामा जिल्ला युवा समितिको कार्यालयले सो को अनुगमन गरी तत्काल कारण सहित दोस्रो क्रममा रहेको उद्यम संचालन गर्न सिफारिस गरी परिषदमा जानकारी गराउने ।

(छ) उद्यमी समूहको सदस्यहरु मध्ये कुनै एक सदस्यले उद्यम गर्न छोडी कतै गएमा, उद्यमीको मृत्यु भएमा अथवा भागेमा सो सदस्यको सट्टा सोही वडाको १६ देखि ४० वर्ष भित्रका इच्छुक अर्को युवालाई आवश्यक प्रकृया पुरा गरी समावेश गराउन सकिनेछ र सो को जानकारी लिखित रुपमा परिषदमा गराउनु पर्नेछ ।

(ज) कुनै कारणले व्यवसाय परिवर्तन गर्न चाहेमा वा पहिले पेश गरेको प्रस्ताव योजना संचालनमा बाधा अड्चन आइपरेमा जिल्ला युवा समितिमा कारण सहित निवेदनको साथमा अर्को प्रस्तावित योजना दिन सक्नेछ र जिल्ला युवा समितिले कारण मनासिव देखेमा सिफारिस सहित परिषदमा लेखि पठाउनेछ । परिषदको कार्यकारी समितिको निर्णय अनुसार कार्यान्वयन गरिनेछ ।

द्रष्टव्यः प्रदेश समिति निमार्ण भए पछि प्रदेशमा समेत अनुगमन निरीक्षण समिति रहने र जिल्ला युवा समितिले त्यसको समन्वय तथा मातहतमा रही कार्य गर्नुपर्नेछ ।

**७.** **उद्यम सम्झौता** : (१) छनौट भएका युवा उद्यमको समूह र जिल्ला युवा समिति तथा वित्तीय सेवा प्रदायक संस्था बिच परिषदले तोकेको ढाँचामा त्रिपक्षीय सम्झौता गरिने छ ।यसमा जिल्ला युवा समितिको कार्यालय, उद्यमको लागि छनौट भएका युवा समूह र वित्तीय सेवाप्रदायक संस्था रहनेछन् ।

(२) सम्झौताको प्रथम पक्ष जिल्ला युवा समितिको कार्यालय र दोस्रो पक्ष वित्तीय सेवा प्रदायक संघ संस्था र तेश्रो पक्षमा सम्बन्धित उद्यमी युवा समूह हुनेछन् । पहिलो पक्षमा जिल्ला युवा समितिका कार्यालय प्रमुख वा प्रतिनिधि र रोहवरमा जिल्ला युवा समितिका अध्यक्ष वा सदस्य हुनेछन् भने दोस्रो पक्षमा वित्तीय सेवाप्रदायक संस्थाको प्रतितिधि र रोहोवरमा उक्त संस्थाको कर्मचारी प्रतिनिधि र युवा उद्यमी समुहको तर्फबाट उद्यमी युवाहरु अध्यक्ष वा कोषाध्यक्ष र रोहवरमा समूहका एक सदस्य बस्नुपर्नेछ ।

(३) उद्यमका लागि छनौट भएको संस्था वा युवा समूह, जिल्ला युवा समिति र वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय सेवाप्रदायक संघसंस्था बीच त्रिपक्षीय संझौता गर्दा राष्ट्रिय युवा परिषद् र वित्तीय सेवाप्रदायक संघसंस्था बिच भएको सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रही गर्नुपर्नेछ ।

(४) सम्झौताको चार प्रति हुनेछ । एक प्रति सम्वन्धित युवा समूहलाई, एक प्रति जिल्ला युवा समितिमा, एक प्रति वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय सेवाप्रदायक संस्थामा र एक प्रति परिषदमा पठाउनुपर्नेछ । परिषद्ले त्रिपक्षीय सम्झौताको जानकारी मन्त्रालयलाई समेत उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद –५

## कोष तथा लेखा परीक्षण

**८.** **वजेट** : (१) युवा उद्यम सञ्चालन व्यवसायिक प्रस्तावहरु स्वीकृत भए पछि सम्वन्धित युवा उद्यम समुहको बैठकको निर्णयानुसार जिल्ला युवा समितिको कार्यालय प्रमुखको सिफारिसमा युवा उद्यमी समूहको अध्यक्ष र कोषाध्यक्ष वा लेखा हेर्ने सदस्यको संयुक्त दस्तखतबाट बैंक वा वित्तीय संस्थामा खाता सञ्चालन गरिनेछ ।

(२) प्रस्तावना स्वीकृत भई ऋण प्राप्त गर्ने युवा समूहले व्यवसायिक प्रस्तावनाको कुल वजेटको २० प्रतिशत वरावरको रकम उपदफा १ बमोजिमको बैंक तथा वित्तिय संस्थाको खातामा अग्रिम जम्मा गरी सोको बैंक भौंचर सम्बन्धित जिल्ला युवा समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) त्रिपक्षीय सम्झौता भइसकेपछि उद्यमी समूहले अनिवार्य रुपले वैंक तथा वित्तीय सेवा प्रदायक संस्थाको खातामा २० प्रतिशत रकम जम्मा गरेको एक हप्ता भित्र व्यावसायिक प्रस्तावनाको आधारमा वित्तीय कारोवारका लागि छनौट भएको सेवाप्रदायक संस्थामार्फत पहिलो किस्ता ५० प्रतिशत रकम र सम्झौता वमोजिम उद्यमको कार्यप्रगतिको आधारमा बाँकी ५० प्रतिशत रकम सम्बन्धित समूह तथा संस्थाको खातामा सम्बन्धित जिल्ला युवा समितिको कार्यालयले स्थलगत अनुगमन गरी वित्तीय संस्थालाई निकासाको लागि सिफारिस गरेपछि प्राप्त हुनेछ तर उद्यमको प्रकृति हेरी एकैपटक रु. ५००००० (रु. पाँच लाख) उपलब्ध गराउन पनि सकिनेछ ।

(४) परिषदले जिल्ला युवा समितिको कार्यालय मार्फत व्यवसायिक योजना अनुसार बढीमा रु. ५,००,०००।– (अक्षरुपी पाँच लाख) सम्म उद्यम सञ्चालनको लागि कार्ययोजनामा उल्लेख भएअनुसार आवश्यक पर्ने प्रविधि व्यवस्थापनको लागि बिना व्याज ऋण उपलब्ध गराउनेछ ।

(५) प्रत्येक समूह तथा संघ संस्थाले प्राप्त भएको रकम एक वर्षसम्म पूर्णरुपमा परिचालन गर्न पाउनेछ । कुल ऋण रकमको दोस्रो वर्ष दश प्रतिशत, तेस्रो वर्ष बीस प्रतिशत, चौथो वर्ष तीस प्रतिशत र पाचौं वर्ष चालिस प्रतिशत रकम गरी पूर्णरुपमा परिषद्ले तोकेको युवा उद्यम विकास घुम्ती कोष खातामा फिर्ता गर्नुपर्नेछ । यदि समूहले दोस्रो वर्षदेखि माथि तोकिएको न्यूनतम् रकम बाहेक बढी रकम तोकिएको समय अगावै फिर्ता गर्न चाहेमा फिर्ता गर्न सकिनेछ ।

(६) युवा उद्यम समूहले प्राप्त ऋण व्यवसायको व्यवसायिक योजना अनुसार पाँच बर्ष भित्र परिषद्ले तोकेको बैंक खातामा फिर्ता गरिसक्नुपर्नेछ । ऋण भुक्तानी सम्बन्धी प्रक्रिया ऋण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

९. **युवा उद्यम विकास घुम्ती कोष** : (१) युवा उद्यम सञ्चालनको लागि परिषदको छुट्टै बैंक खाता हुनेछ । यस कोषमा परिषद्को रकम, युवा उद्यममीले ऋण फिर्ता गरेको रकम तथा सहयोगी संघ संस्था वा निकायले युवा उद्यम विकासका लागि उपलव्ध गराएको रकम जम्मा हुनेछ ।

(२) परिषदले यसरी युवा समूहद्वारा सञ्चालित उद्यमको समूह वा संघसंस्थाबाट फिर्ता भएको रकम युवा उद्यम विकास घुम्ति कोष मार्फत अन्य क्षेत्रका युवा समूहलाई युवा उद्यमको क्षेत्रमा ऋण प्रवाह गरी लगानी विस्तार गर्दै लैजानेछ । यसका लागि परिषदले युवा उद्यम विकास घुम्ती कोष सञ्चालन सम्वन्धी छुट्टै कार्यविधि बनाई लागू गर्नेछ ।

(३) युवा समूहबाट तोकिएको अवधिमा ऋण रकम फिर्ता नगरेमा त्रिपक्षीय सम्झौतामा उल्लेख भएबमोजिम र सो उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हर्जना सहित (प्रचलित नियमानुसार लाग्ने ब्याज) सहित ऋण रकम निज वा निजका एकाघरका

अभिभावकको नाममा रहेको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१०. **लेखा परीक्षण** : (१) युवा समूहहरुद्वारा सञ्चालित उद्यमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नुपर्नेछ ।

(२) उद्यमको आर्थिक कारोवारको लेखापरीक्षण नेपाल चार्टर एकाउन्टेन्ट संस्थामा सूचिकृत भएका दर्तावाला लेखापरीक्षक मध्येबाट गराउनु पर्नेछ । यसरी लेखापरीक्षण गराउँदा कार्यक्रम तर्फको प्रतिफल, उपलब्धी र प्रभावका आधारमा प्रगति विश्लेषण अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(३) लेखा परीक्षणको प्रतिवेदन जिल्ला युवा समितिको कार्यालयमा लेखापरीक्षक नियुक्त भएको एक महिना भित्र पेश गर्नुपर्नेछ ।

(४) युवा समूहले लेखा परीक्षणको प्रतिवेदन जिल्ला युवा समितिको कार्यालयमा पठाउनु पर्नेछ । जिल्ला युवा समितिको कार्यालयले जिल्ला भरिको लेखापरीक्षण प्रतिवेदन एकीकृत गरी प्रगति विवरण परिषदमा पठाउनु पर्नेछ । जिल्लाबाट प्राप्त लेखापरीक्षण प्रतिवेदनले औंल्याएका विषयहरुमा मन्त्रालयमा पठाउनुपर्नेछ ।

## परिच्छेद– ६

## सरोकारवाला निकायको भूमिका

११. **जिल्ला युवा समितिको भूमिका**

(क) युवा उद्यम सम्बन्धी सूचना जिल्ला भरी सम्प्रेषण गर्ने,

(ख) फारामहरु वितरण गर्ने तथा प्राप्त प्रस्तावनाहरु दर्ता गर्ने,

(ग) प्रत्येक निर्वाचन क्षेत्रवाट तीनवटा प्रस्ताव छनोट गरी केन्द्रमा पठाउने,

(घ) केन्द्रबाट छनौट भएका युवा उद्यम समूहलाई निर्देशिका वमोजिमको प्रकृया पूरा गरी सम्झौता गरी ऋण प्रवाह गर्ने ।

(ङ) ब्यावसायिक उद्यमको नियमित अनुगमन निरीक्षण गर्ने ।

(च) परिषदमा नियमित प्रगति प्रतिवेदन पठाउने,

(छ) उद्यमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न तथा सहज बजारीकरण गर्न आवश्यक पृष्ठपोषण दिने र आवश्यकतानुसार विज्ञहरुमार्फत परामर्शको ब्यवस्था गर्ने,

(ज) जिल्लामा रहेका अन्य उद्यम सञ्चालनमा संलग्न सरकारी निकायहरु बीच समन्वय गर्दै कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी बनाउने ।

१२. **स्थानीय तहको भूमिका** : (क) आफनो क्षेत्रमा स्थापना भएका युवा उद्यमको सफलतापूर्वक सञ्चालनका लागि आवश्यक पर्ने सिफारिस, स्थानीय स्रोत साधनको उपलव्धतामा सहजीकरण,

अनुगमन निरीक्षण, पृष्ठपोषण तथा जिल्ला र केन्द्रलाई उद्यमको वारेमा जानकारी उपलव्ध गराउन समन्वयकारी भूमिका निभाउनुपर्नेछ ।

(ख) स्थानीय युवाहरुलाई ब्यावसायिक सीप प्रदान तथा स्वरोजगार गराउन परिषद्लाई आवश्यक पर्ने तथ्याङ्क तथा अन्य विवरण उपलव्ध गराउने ।

१३. **जिल्ला स्थित अन्य निकाय** : कृषि विकास कार्यालय, जिल्ला घरेलु कार्यालय वा जिल्ला घरेलु विकास समितिको कार्यालय र जिल्ला समन्वय समितिको कार्यालयको भूमिका जिल्लामा रहेका निकायसँग व्यावसायिक उद्यमको पहिचान, छनौट, तालिम प्रदान, प्रविधि हस्तान्तरण, स्रोत साधनको उपलव्धता बजारीकरण, व्यावसायिक परामर्श, पृष्ठपोषण, अनुगमन निरीक्षण, आदि कार्यमा सहकार्य गर्नु हुनेछ ।

## परिच्छेद ७

## केन्द्रमा समन्वय तथा सहकार्य

१४. **समन्वय तथा सहकार्य** : (१) परिषदमा युवा समूहद्वारा प्रस्तावित उद्यम सञ्चालनको लागि प्रविधिमा सहयोगकोलागि निर्ब्याजी ऋण प्रदान गर्ने मात्र व्यवस्था भएकोले उद्यमको प्रभावकारी कार्यान्वयनका लागि परिषद्ले विभिन्न सरकारी, गैर सरकारी तथा निजी संघसंस्थाहरुसंग समन्वय गर्न सक्नेछ ।

(२) परिषदको मुख्य उद्देश्य बेरोजगार युवा समूहलाई उद्यमशिलताको विकास गरी सफल उद्यम सञ्चालनमा सहयोग गर्ने रहेको र नेपाल सरकार, उद्योग मन्त्रालयसंग द्विपक्षीय समझदारीपत्रका आधारमा "गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) संग समन्वय गरिनेछ ।लघु उद्यम विकास कार्यक्रमसंग समन्वय गरी संभाव्य उद्यमी युवाहरुलाई सीपमूलक तालिम उपलब्ध गराउन समन्वय गरिनेछ । परिषद्ले प्रत्येक निर्वाचन क्षेत्रमा युवा समूह छनौट गरी जिल्ला स्तरीय घरेलु तथा साना उद्योग कार्यालय तथा घरेलु विकास समितिसंग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) परिषद्ले उद्यम कार्यक्रम सञ्चालन गर्ने अन्य निकाय CTEVT, व्यावसायिक सीप विकास तथा तालिम केन्द्र, शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालित EVENT परियोजना, युवा स्वरोजगार कोष, बाणिज्य वैंक, वित्तीय संस्था, विमा कम्पनी र राष्ट्रिय संघ संस्थासंग आवश्यकता अनुसार द्विपक्षीय समझदारी (MOU) गरी सहकार्य गर्न सक्नेछ ।

(४) परिषदले लगानी गरेको ऋण तथा उद्यम समूहले दोस्रो वर्षदेखि तोकिएको रकम घुम्तिकोष खातामा फिर्ता गर्नुपर्नेछ । यसै निर्देशिकामा व्यवस्था भए बमोजिम उक्त रकम अन्य युवा समूहलाई युवा उद्यमको क्षेत्रमा लगानी विस्तार गर्दै लैजाने प्रावधान भएकोले तोकिएको अवधिमा नै ऋण रकम फिर्ता गर्न वित्तीय सेवाप्रदायक संस्थाको माध्यमबाट समूह बचत र लगानी गर्ने प्रक्रिया अगाडि बढाउन परिषद्ले सार्वजनिक

सूचना मार्फत् इच्छुक वित्तीय सेवाप्रदायक संघसंस्थाबाट प्रस्ताव माग गरी छनौट गर्नेछ । वित्तीय संस्था छनौट भैसकेपछि उक्त संस्थासंग सम्झौता गरी उनीहरुमार्फत ऋण प्रवाह गर्ने, अनुगमन निरीक्षण एवं प्रतिवेदन आदि कार्य गराइनेछ । यदि केन्द्रले छनौट गरेको वित्तीय संथाले सम्झौता बमोजिम कार्य गर्न नसकेको अवस्थामा परिषदको केन्द्रिय निकाय वा जिल्ला युवा समितिले अर्को वित्तीय संस्था छनौट गरी सम्झौता गर्न सक्नेछ । युवा उद्यमको रकम सुनिश्चित गर्न विमाको व्यवस्था समेत गर्न सक्नेछ । वित्तीय संघसंस्थाको निम्ति प्रशासनिक (ओभरहेड) खर्च राष्ट्रिय युवा परिषद् र वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय संस्था बीच भएको सम्झौता बमोजिम हुनेछ।

## परिच्छेद– ८

## अनुगमन तथा निरीक्षण

१५. **अनुगमन तथा निरीक्षण** : (१) स्थानीय तहमा जिल्ला युवा समितिको कार्यालय र वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय सेवाप्रदायक संस्थाबाट गरिनेछ। अनुगमन पश्चात सोको प्रतिवेदन परिषदमा पठाउनु पर्नेछ ।

(२) अनुगमनलाई बढी प्रभावकारी र नतिजामुखी बनाउन जिल्ला युवा समितिले अन्य नागरिक समाज, पत्रकार, सरोकारवाला आदिबाट पनि अनुगमन निरीक्षण गराई पृष्ठपोषण तथा सुझावहरु लिन सक्नेछ ।

(३) केन्द्रीयस्तरवाट परिषद् तथा मन्त्रालयबाट समेत अनुगमन निरीक्षण गरी आवश्यक पृष्ठपोषण एवं सुझाव दिन सकिनेछ ।

(४) कार्यक्रमको अनुगमन तथा निरीक्षणका लागि केन्द्रीयस्तरमा रहेको अनुगमन तथा निरीक्षण समिति तथा जिल्ला वा प्रदेशवाट प्रतिनिधित्व गर्ने राष्ट्रिय युवा परिषद्का सदस्यले त्यसको प्रतिवेदन कार्यकारी समिति एवं परिषदमा पेश गर्नुपर्नेछ ।

(५) परिषद्ले कार्यक्रमको प्रभावकारिता हेर्न तेस्रो पक्षबाट समेत अनुगमन, निरीक्षण तथा अध्ययन गराई पृष्ठपोषण लिन सक्नेछ ।

१६. **अनुगमन निरीक्षण समिति** : (१) युवा समूहहरुद्वारा सञ्चालित उद्यमहरूको समग्र अनुगमन गर्नका लागि देहाय बमोजिमको केन्द्रीय अनुगमन तथा निरीक्षण समिति रहनेछः

(क) परिषद्को कार्यकारी उपाध्यक्ष - संयोजक

(ख) मन्त्रालयको युवा हेर्ने सहसचिव - सदस्य

(ग) प्रतिनिधि, उद्योग मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग - सदस्य

(ङ) परिषद्को प्रशासकीय प्रमुख -सदस्य सचिव

(२) केन्द्रीय अनुगमन तथा निरीक्षण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) जिल्लामा सञ्चालनमा रहेका उद्यमहरुको अनुगमन निरीक्षण गर्ने र कार्यान्वयनमा देखिएका राम्रा पक्षका साथै बाधा, व्यवधान, समस्या तथा त्यसको समाधानका लागि सिफारिस सहितको प्रतिवेदन परिषदमा पेश गर्ने ।

(ख) जिल्ला स्तरीय सुपरिवेक्षण तथा अनुगमन समितिलाई सहजीकरण गर्न आवश्यक निर्देशन दिने र सो को कार्यान्वयन भए नभएको बारेमा जानकारी लिने ।

(३) जिल्लामा युवा समूहद्वारा सञ्चालित उद्यमहरूको समग्र अनुगमन जिल्ला युवा समितिको कार्यालय प्रमुखले गर्नुपर्नेछ ।

(४) जिल्ला युवा समितिको कार्यालय प्रमुखको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) उद्यमको कार्यान्वयन कार्यतालिका अनुसार भए नभएको यकिन गर्ने र नगरेको पाइएमा सुझाव दिने, सचेत गराउने ।

(ख) कार्यान्वयनमा सहजीकरण गर्ने र बाधा, व्यवधान, समस्या समाधानका लागि आवश्यक निर्देशन दिने ।

(ग) तोकिएको समयमा उद्यम सञ्चालन सम्बन्धी सम्झौता बमोजिमको कार्य नगरेको पाइएमा नियमानुसारको कारवाही गर्न सुझाव सहितको सिफारिस परिषदमा पठाउने ।

(घ) अनुगमन तथा निरीक्षणको प्रतिवेदन परिषदमा पठाउने ।

## परिच्छेद- ९

## प्रतिवेदन

१७. **प्रतिवेदन** : (१) उद्यम विकास संस्थाले परिषद्सँग गरेको सम्झौता भएको त्रैमासिक प्रतिवेदन जिल्ला युवा समितिको कार्यालयमा पेश गर्नु पर्नेछ । त्यसपछि अनुसूची – ४ वमोजिमको ढाँचामा त्रैमासिक रुपमा वित्तीय र भौतिक प्रगति पठाउनु पर्नेछ ।

(२) जिल्ला युवा समितिले यसरी प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी आफनो कार्यालयवाट सम्पादन भएका अन्य कार्यलाई समेत समावेश गरी प्रत्येक चौमासिक रुपमा तोकिएको ढाँचामा प्रगति प्रतिवेदन परिषदमा पठाउनु पर्नेछ । यसरी प्राप्त प्रतिवेदन एकीकृत गरी चौमासिक रुपमा मन्त्रालयमा पठाउनुपर्नेछ ।

(३) केन्द्रीय अनुगमन तथा निरीक्षण समितिले जिल्लामा सञ्चालनमा रहेका उद्यमहरुको अनुगमन निरीक्षण गरी समस्या तथा त्यसको समाधानका लागि सिफारिस र जिल्ला युवा

समितिको कार्यालय प्रमुखको प्रतिवेदलाई समेत समेटेर समष्टिगत प्रतिवेदन तयार गरी राष्ट्रिय युवा परिषदमा पठाउनु पर्नेछ ।

## परिच्छेद– १०

## पुरस्कार तथा दण्ड सजाय

१८. **पुरस्कार** : (१) युवा उद्यम कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अंक हाँसिल गर्ने उद्यम व्यवसायी समूह तथा संस्थालाई नगद तथा प्रमाणपत्रवाट पुरस्कृत गरिने छ ।

(क) अधिकतम रोजगार सिर्जना गर्ने,

(ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गर्ने,

(ग) तोकिएको समय वा समय अगावै ऋण रकम फिर्ता गर्ने उद्यमी

(घ) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापन गर्न योगदान पुर्याएको,

(ङ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर कायम भएको,

(च) उद्यमको विकासले स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

(छ) उद्यमी समूहले तोकिएको ढाँचामा सम्वन्धित निकायमा प्रतिवेदन पेश गरेको,

(ज) परिवारको आयमा भएको वृद्धिको अवस्था,

(झ) कार्य योजना अनुसार कार्य सम्पादन प्रगति गरेको आदि ।

१९. **दण्ड सजाय** : (१) उद्यमी संस्थाले प्रस्ताव गरिए वमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता उद्यमी संस्थालाई परिषदबाट सञ्चालन गरिने कुनैपनि कार्यक्रमहरुमा सहभागि गराईने छैन ।

(२) उद्यमी संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तर एवं परिमाणमा कार्य सम्पन्न नगरेमा तथा परिषदबाट दिइएको बजेट हिनामिना गरेमा उक्त समूह तथा संघसंस्थावाट हिनामिना गरेको रकम प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुलउपर गरिनेछ । यस कार्यमा स्थानीय प्रशासन र सम्बन्धित गाउँ तथा नगरपालिकाबाट जिल्ला युवा समितिको कार्यालय प्रमुखले आवश्यक सहयोग लिन सक्नेछ ।

## परिच्छेद–११

## विविध

२०. **सहयोग गर्नुपर्ने** : यस निर्देशिका बमोजिम युवा उद्यम विकास सञ्चालन कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

२१. **व्याख्या गर्ने अधिकार** : यस निर्देशिकामा भएको कुनै व्यवस्था अस्पष्ट भई व्याख्या गर्नुपर्ने भएमा राष्ट्रिय युवा परिषद्ले सो को अन्तिम व्याख्या गर्नेछ ।

२२. **निर्देशिका संशोधन गर्न सक्ने** : परिषद्ले आवश्यकता अनुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ।

२३. **वाधा अड्काउ फुकाउने**: यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आइपरेमा राष्ट्रिय युवा परिषद्ले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची – १

(परिच्छेद २ दफा ३ को उपदफा ४ सँग सम्बन्धित)

**युवाबाट व्यवसायिक उद्यम गर्न सकिने व्यवसायिक क्षेत्रहरू : विस्तृत**

(क) कृषि तथा पशुपंक्षीमा अधारित उद्यम व्यवसाय : तरकारी खेती, फलफूल खेती, अन्न उत्पादन, माछा पालन, हाँस, कुखुरा, बट्टाइ, खरायो, बाख्रा, गाई, भैंसी, भेंडा, च्याँग्रा, चौंरी, अकवरे, अम्रिसो, अदुवा लसुन, खुर्सानी, दुध डेरी र दुधवाट वनेका परिकारहरू, रेशम खेती र उत्पादन भएका सामग्रीहरू, किवी खेती, विउ विजन उत्पादन तथा प्रसोधन र संरक्षण अदि ।

(ख) वनपैदावारमा आधारित उद्यम व्यवसाय : फर्निचर, काठका सजावट सामग्री, क्यूरीयो सामग्री, अलैची, औषधीका लागि कच्चा सामग्रीहरू उत्पादन, चिराइतो, सामुदायिक वन ।

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा अधारित उद्यम व्यवसाय : विज्ञानका आविश्कारहरू, आइ.सि.टी. सम्वन्धी व्यवसायहरू, मोवाइल, रेडियो टि.भी. मर्मत तथा बिक्री केन्द्र, फोटो तथा सुटिङ स्टुडियो, फोटोग्राफी, रेडियोग्राफी, भाषा प्रशिक्षण, भाषा रूपान्तरण, ट्यूसन, कोचिङ कक्षाहरू ।

(घ) पर्यटन प्रवर्द्धनमा आधारित उद्यम व्यवसाय : भाषा प्रशिक्षण, होटल व्यवसाय, क्युरियो सामान निमार्ण र बिक्रि, होमस्टे, रिसोर्ट, टुरिष्ट गाइड ।

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय : फलाम, काठ, माटो ढुङ्गा, इट्टा, टायल, सिमेन्ट बेतबाँस, तारजाली, छाला, आदिका उद्योगहरू र त्यसबाट बनेका सामग्रीहरू, हस्तकला, चित्रकला, मूर्तिकला, हाउस वायरिङ, रंगरोगन, गोवरग्यास, उन्नत चुलो, डकर्मी पेशा, सिकर्मी पेशा, क्रसर उद्योग ।

(च) कलामा अधारित उद्यम व्यवसाय : ढाका, मखमल, सुती, उन आदिका कपडा वुन्ने, वेतवाँस तथा पराल जन्य सामग्री डोको, नाम्लो, मान्द्रो, सुकुल, गुन्द्री, गलैचा, अदि वनाउने, कपडा सिलाइ वुनाइ, वुटिक, फेसन डिजाइन, व्युटीपार्लर, हेयरकटिङ, मेहन्दी, चुरापोते डिजाइन, सजावटका सामग्री, खेलौना, धुप, मैनवत्ति, गरगहनाहरू, पेन्टिङ आदि ।

(छ) संस्कृति, साहित्य सृजना, गित संगितमा आधारित उद्यम व्यवसाय : सांस्कृतिक परम्परागत नृत्य, बाद्य बाधन, कबिता, कथा, निबन्ध, गायन, गीत रचना, बाद्यबादन, नृत्य संगित आदि ।

(ज) खाद्य प्रशोधनमा आधारित उद्यम व्यवसाय : अचारहरू, गुन्द्रुक, मस्यौरा, सुकुटी (स्याउ, मासु, माछा, मूला, करेला अदि), सिस्नो, चिया (तुलसी, ग्रिनटी आदि), दालमोठ, चिप्स, जुस तथा पेय पदार्थहरू।

(झ) परिषद्ले आवश्यकता महसुस गरी छनोट गरिने अन्य उद्यम व्यवसाय

## अनुसूची – २

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

### युवा उद्यमको लागि दिइने निवेदनको ढाँचा

मिति ...................

श्री जिल्ला युवा समितिको कार्यालय .............

विषयः व्यावसायिक उद्यम सञ्चालनका लागि निवेदन पेश गरेको ।

उपर्युक्त सम्बन्धमा हामी तपशिलका व्यक्तिहरुले .......जिल्लाको .......निर्वाचनक्षेत्र ..... अन्तरगतको ........नगरपालिका-गाँउपालिकाको वडा नं...........मा ............................ व्यावसायिक (उद्यमको नाम) देहायको व्यावसायिक क्षेत्रमा सञ्चालन गर्न चाहेको हुनाले प्रविधि र व्यवस्थापनको लागि युवा उद्यम सञ्चालन निर्देशिका, २०७३ संसोधन २०७४ वमोजिम उपलब्ध गराइने ऋण सहयोग पाँउ भनी निर्देशिकाले निर्धारित गरेको शर्तहरुमा मन्जुर गरी तपसिल अनुसारको विवरण सहितको आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौं ।

संस्थागत विवरण

१ युवा समूहको नामः ..................................

२ युवा समूहको ठेगानाः जिल्लाः ..................... गाउँपालिका-नगरपालिका...............................वडा नं. ...... स्थानः..........................

३ समूह-उद्यमको दर्ता नंः ..........

४ दर्ता भएको जिल्लाः ........

५ दर्ता मितिः ...................

६ नविकरण मितिः ..........

७ स्थायी लेखा नम्बर भए (PAN)...............

८ सम्पर्क व्यक्तिको नामः .......................... .पदः......................... ठेगानाः .........................सम्पर्क नम्बरः ............. समूह अध्यक्षको नाम ................ समूह-उद्यमको छाप ...........

९ निवेदक युवा समूहका सदस्यहरुको विवरणः

परिच्छेद ३ दफा ५(१) को प्रकरण (ख) ,(ग), (ङ) र दफा ५(३) को (घ) मा भएको व्यवस्था सम्बन्धमा पुर्ण सहमत छौं अन्यथा भएको खण्डमा कानुन बमोजिम सहनेछौं ।

| क्र.सं. | नामथर | पद | उमेर | शैक्षिक योग्यता | स्थायी ठेगाना | सम्पर्क फोन नं. | इमेल | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः

१. एउटै वडाको १६ देखि ४० वर्षका उमेरका १० जना युवा (कम्तिमा पनि ५० प्रतिशत महिला) को सूची थान – १

२. सम्बन्धित निकायमा संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि थान – १

३. पाँच वर्षे व्यावसायिक योजना (व्यावसायिक उद्यम कृषि, वन, पशुपङ्क्षी, विज्ञान, सूचना प्रविधि, सञ्चार, कला संस्कृति, पर्यटन प्रवर्द्धन, निर्माण आदि स्थानीय स्रोत साधनमा आधारित हुनुपर्नेछ) थान – १

४. व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको नागरिकताको प्रतिलिपि

५. व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (कम्तिमा आधारभूत तह कक्षा ८ उतिर्ण गरेको हुनुपर्नेछ)

६. व्यावसायिक उद्यम सञ्चालन गर्नका लागि आवेदन दिने समूहले गरेको निर्णयको प्रतिलिपि थान-१

७. तालिम प्राप्त भए प्रमाणपत्रको प्रतिलिपि,

८. स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि,

९. गत आ. व. को लेखा परिक्षणको प्रतिवेदन ।

१०. माथि उल्लेखित कागजातहरु अनुसूची ५ बमोजिमको ढाँचामा अनिवार्य रुपले पञ्जिका बनाइ समावेश गरिनुपर्ने ।

**अनुसूची –३**

(दफा ६ को उपदफा ३ सँग सम्बन्धित)

# व्यवसायिक योजनाको ढाँचा

**व्यवसायिक योजनाको ढाँचा**

| क्र.सं. | विवरण | अन्य विवरण |
|---|---|---|
| १ | व्यवसायको नाम, संक्षिप्त परिचय र उद्देश्य | नाम ...................................................... :<br>उद्यमको संक्षिप्त परिचय......................................................<br>उदेश्य.......................................................<br>विषय...................................................... क्षेत्र/<br>उद्यमबाट उत्पादन हुने बस्तुको नाम .............................................. |
| २ | ठेगाना | जिल्ला ................ गापा/नपा .............क्षेत्र नं निर्वाचन ....................<br>................सम्पर्क नं................ टोल ............... .वडा नं |
| ३ | संलग्न हुने अनुमानित जनशक्ति | महिला ...................पुरुष...................प्राप्ति ............. (स्वदेश वा विदेशबाट) |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम ....................<br>स्रोत .................................. ( स्थानीय वा बाह्य) |
| ५ | प्रयोग हुने मेशिनरी अ◌ौजारको विवरण | नाम (बाह्रय/स्थानीय)स्रोत .............. अनुमानित लागत ................<br>............ |
| ६ | अनुमानित लागत | कुल रु ........... अचल पुंजी रु .......... चल पुंजी रु ................<br>अचल पूँजिको नाम.......... |
| ६ | उत्पादित वस्तुको बजारक्षेत्र | बजारको नाम.............. ढुवानी खर्च ................ दुरी ................ |
| ७ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रु ................<br>वार्षिक अनुमानित नाफा रु ................ |
| ८ | रोजगारी पाउने युवाको अनुमानित संख्या | महिला ...........पुरुष .............. जम्मा .................. |
| ९ | अन्य | |

१०. उद्यम समूहको विवरण

युवा उद्यम समूहको नाम :

उद्यममा संलग्न हुने युवाहरुको विवरण :

| क.सं. | नामथर | पद | लिङ्ग | ठेगाना | उमेर | शै . योग्यता | तालिमको नाम र अवधि | सम्पर्क नम्बर | निवेदकको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

(नोट : यो व्यवसायिक योजनाको एउटा नमूना हो। उल्लेखित विवरणहरु नछुटाई विस्तृत सूचना समावेश हुने गरी सृजनात्मक रुपमा व्यवसायिक योजना बनाउन सकिनेछ ।)

समूह/संस्थाको छाप

अध्यक्षको

समूह/संस्थाको

दस्तखत :

नामथर :

मिति :

## अनुसूची – ४

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

प्रगति प्रतिवेदनको ढाँचा

१ जिल्लाको नाम

२ युवा उद्यम समूहको नाम :

३ कार्यक्रमको परिचय :

४ कार्यक्रमको उद्देश्य :

५ उद्यम व्यवसाय सञ्चालनको विधि-प्रक्रिया :

६ उद्यममा सम्लग्न युवाहरुको विवरण (जातिगत, लिङ्गगत) :

| क.सं. | नाम थर | ठेगाना | लिङ्ग | दलित | जनजाती | व्राम्हण क्षेत्री | मधेशी | अन्य | महिला | पुरुष | जम्मा | सम्पर्क मोवाइल नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |

७ उद्यम सञ्चालन स्थान :

८ उद्यम सञ्चालन भएको मिति :

९ उद्यम सञ्चालन अवधि :

१० हाल सम्म उद्यमले गरेको मुख्य कार्य प्रगति :

११ उद्यम सञ्चालन गर्दा आइपरेका समस्याहरु ....................................

१२ ती समस्याहरु समाधानका लागि गरिएका प्रयासहरु ...........................

१३ यस वर्ष अनुगमन गरेको पटकः

१४ अनुगमनवाट प्राप्त मुख्य मुख्य सुझावहरु र कार्यान्वयनका लागि गरिएका प्रयासहरुः .............

(क) मुख्य सुझावहरु ...........................

(ख) कार्यान्वयनका लागि गरिएका प्रयासहरु. ..........................

(ग) केन्द्रवाट गर्नुपर्ने केही भए ...................... .........................

१२ प्राप्त उपलव्धीहरु.............................................................

१३ निष्कर्ष : ..........................................................

१४ सुझावः .................................. .......................................

१५ अनुसूचीहरु :

(क) युवा उद्यम समूहको वैठकको निर्णय उतार प्रति

(ख) कार्यक्रमवारे सरोकारवालाहरुलाई जानकारी गराएको कागज-प्रमाणका प्रतिलिपिहरु

(ग) कार्यक्रम शुरु भएको जानकारी पत्र (विभिन्न निकायलाई लेखिएको पत्रका प्रतिलिपिहरु)

(घ) कार्यक्रम अनुगमन तथा निरीक्षणको सिलसिलामा लेखेको मन्तव्यको प्रति

(ङ) कार्यक्रमसँग सम्वन्धित फोटो र प्रतिवेदनको विद्युतीय प्रति

(च) संचालित कार्यक्रमसँग सम्वन्धित हाजिरी विवरण, भरपाई विवरण आदिको प्रति र अन्य केही भए उल्लेख गर्ने ।

(छ) अन्तिम प्रतिवेदनको एक प्रति विद्युतीय प्रति समेत उपलव्ध गराउने ।

## अनुसूची – ५

पञ्जिकाको ढाँचा

| क्र.सं | संम्लग्न कागजात | थान | पाना संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | पाँच वर्षे व्यावसायिक योजना | | | |
| २. | युवा उद्यम समूहका सबै सदस्यको नामावली | | | |
| ३. | व्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सबै सदस्यहरूको नागरिकताको प्रतिलिपि | | | |
| ४. | समूहका सबै सदस्यहरूको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ५. | संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ६. | स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि | | | |
| ७. | सम्बन्धित क्षेत्रको तालिम प्राप्त भए प्रमाणपत्रको प्रतिलिपि | | | |
| ८. | व्यावसायिक उद्यम सञ्चालन गर्नका लागि आवेदन दिने समूहले गरेको निर्णयको प्रतिलिपि | | | |
| ९. | गत आ. व. को लेखा परिक्षणको प्रतिवेदन | | | |
| १०. | अन्य कागजातहरु | | | |
| | जम्मा कागजातहरु | | | |

(नोट : पञ्जिकाको १ नं मा भएको कागजातलाई सबैभन्दा माथि र क्रमश सबैभन्दा तल ९ नं को कागजात हुने गरी फाइलमा समावेश गर्ने ।)